☎०२३–४७५०९९ (023-475099)
☎०२३–४७५०८१ (023-475981)

# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

E-mail: info@kamalmun.gov.np

प. स. ०७५/०७६
च. न. ४९३

मिति: २०७५/०७/१६

विषय: गोलिया काठ लिलाम विक्रि सम्बन्धमा

यस कमल गाउँपालिकाको कार्यालयबाटै बृक्षारोपण गरी संरक्षण गरी राखेका रुखहरु कमल गाउँपालिका वडा नं. २ को नारी शिल्पकला कम्पाउण्ड भित्र रहेको मसलाका रुखहरुले स्थानीय वासीहरुलाई क्षेती पुग्ने भएको हुदाँ उक्त ढले, सडेगलेका रुखहरु मुल्यांकन समितिले निर्धारण गरेको मुल्यांकनको आधारमा लिलाम बढाबढको प्रक्रियाबाट विक्रिको सूचना प्रकाशित गरीएको छ। लिलाममा लिन चाहने व्यक्तिहरुले आफुले बुझाउन सक्ने रकम उल्लेख गरी निम्न मिति, समय र स्थानमा सिलवन्दी वोलपत्र पेश गर्नुहुन सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशित गरीएको छ।

| सि. न. | रुखको जात | रुख | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | मसला | नारी शिल्पकला कम्पाउण्ड भित्रका सबै | ३,५०,०००/- | |

- वोलपत्र पेश गरी सक्नु पर्ने अन्तिम मिति २०७५/०७/२५ गते दिनको २ बजे भित्र।
- वोलपत्रको साथ आफुले कवोल गरेको रकमको १० प्रतिशत रकम धरौटी जम्मा गरेको आम्दानि (धरौटी) रसिद संलग्न हुनु पर्ने छ।
- वोल पत्र मिति २०७५/०७/२५ गतेका दिन दिनको ठिक ३ बजे गा. पा. कार्यालयमा वोलपत्र दाताको रोहवरमा खोलिने छ तर वोलपत्र दाता उपस्थित नभएमा पनि वोलपत्र खोल्न बाधा पर्ने छैन।
- सबभन्दा वढि रकम कबोल गर्नेको वोलपत्र स्विकृत गरीने छ। निजले स्विकार नगरेमा धरौटी जफत गरी दोस्रो अङ्क हुनेको वोलपत्र स्वीकृत गरिनेछ तर पहिलो र दोस्रोले कवोल गरेको रकमको १० प्रतिशत भन्दा वढीको फरक भएमा दोस्रो वोलपत्र स्वीकृत हुने छैन।
- वोलपत्र स्वीकृत भएको ७ दिन भित्र सबै रकम चुक्ता गरी रुख उठाउनु पर्ने छ।
- जिल्ला वनबाट टाँचा लगाउन आवश्यक भए वोलपत्र वालाले नै सबै काम गर्नु पर्ने छ। गा. पा. ले आवश्यक कागजात मात्र उपलब्ध गराउने छ।
- थप जानकारी आवश्यक भए गा. पा. कार्यालयबाट प्राप्त गर्न सकिने छ।
- वोलपत्रको न्युनतम रकम रु ३५०००० हुनेछ।
- वोलपत्रमा उल्लेखित सबै रुखहरुको रकम एकमुष्ट उल्लेख गर्नुपर्ने छ।
- अन्य जानकारी आवश्यक भए गाउँपालिकाको कार्यालयबाट लिन सकिने छ।

वेनु प्रसाद शिवाकोटी
उपाध्यक्ष
कमल गाउँपालिका

..........७।१९।१

वेनु प्रसाद सिवाकोटि
उपाध्यक्ष एवं संयोजक,
रुख लिलाम विक्री समिति